**Section –I**

**Invitation for Sealed Quotation**

# करैयामाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

करैया, बारा

मधेश प्रदेश, नेपाल

**प्रथम पटक प्रकाशित मितिः- २०८१/०२/०२**

## आपुर्ति सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

१. यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० % अनुदानमा कृषकहरुलाई ईलेक्ट्रिकल 2HP कृषि मोटर आवश्यक परेकोले योग्य फर्म/कम्पनीहरुबाट खरिद गर्न यो सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ।

२. योग्य फर्म/कम्पनीहरुले यस सम्बन्धी थप जानकारीको लागि वा सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सक्नेछ।

३. यो सूचना प्रकाशित भएको मिति देखि १५औं दिन सम्म दरभाउपत्र यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणति इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिबृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नं.( PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७९/०८० सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाणपत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त ( Authorization Letter) को प्रमाणित प्रतिलिपि नियमानुसारको तपसिलमा उल्लेखित दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरे पछि नियमानुसार सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईनेछ।

४. सिलबन्दी गरिएको दरभाउपत्र यस कार्यालयमा २०८१/०२/१६ गते दिउँसो १२:०० बजे भित्र बुझाउनु पर्नेछ। ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन।

५. तोकिएको समय भित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका प्रस्तावकहरु वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा मिति २०८१/०२/१६ गते दिनको २ :०० बजे खोलिनेछ। प्रस्तावक वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

६. सिलबन्दी दरभाउपत्र खोलिएको दिन देखि गणना हुने गरी ४५ दिन सम्मको लागि मान्य हुनेछ। सिलबन्दी दरभाउपत्रको धरौटी वापतको रकम कुमारी बैंक लि. करैया, बारा स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. २६१०२४७२८७३००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिन सम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ।

७. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछि कार्यालय खुल्ने दिन खरिद गर्ने वा पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ।

८. कुनै वा सबै सिलबन्दी दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहनेछ।

९. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ।

१०. सिलबन्दी दरभाउपत्रको कामको विवरण निम्न अनुसार छ।

**आवश्यक सामग्री र सो को संक्षिप्त विवरण**

| सिलबन्दी दरभाउ नं. | खरिद सम्बन्धी विवरण | खरिद विधि | ल.ई. | फारम दस्तुर | सिलबन्दी जमानत | फारम खरिद गर्न सकिने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०६/२०८०/०८१ | 2HP Agriculture Electric Motor Kharid | सिलबन्दी दरभाउपत्र | १९,६१,१६५/- | १०००/- | ६०,०००/- | २०८१/०२/१६ विहान १२:०० बजे भित्र | |

प्रमुख प्रशासकीय अधिकृत

करैयामाई गाउँपालिका
Karaiyamai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था. २०७३ (Estd. 2073)

पत्र संख्या/Letter No: ०८०/०८१

चलानी नं./Ref. No.:: 9620

मिति/Date: २०८१/०२/०२

विषय :- सच्चाईएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस करैयामाई गा.पा. को मिति २०८१/०२/०२ मा प्रकाशित आपुर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्रमा केही त्रुटी हुन गएकोले देहाय बमोजिम हुने व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

- शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मितिः- २०८१/०२/१६ गते कार्यालय समय भित्र।
- शिलबन्दी दरभाउपत्र दर्ता गर्ने मितिः- २०८१/०२/१७ गते दिउँसो १२ बजे भित्र
- शिलबन्दी दरभाउपत्र खोलिने मितिः- २०८१/०२/१७ गते दिउँसो २ बजे

.............................................
वीरेन्द्र महतो
नि.प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र महतो
नि. प्रमुख प्रशासकीय अधिकृत